सदाचार निष्पक्षता निर्भीकता

# अख्तियार इ-बुलेटिन

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)

बर्ष २० अंक ३ माघ, २०८१

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल, काठमाडौं ।



## सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारवाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारवाहीको लागि सम्वन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका काम कारबाही, उपलब्धि र भए /गरेका गतिविधि समेटी विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको

क्रमशः...

**प्रकाशन तथा सम्पादन**

सूचना समन्वय शाखा


महाशाखा नं. १०

टंगाल, काठमाण्डौं

## यस अंकमा


- उजुरी दर्ता र कारबाहीको विवरण
- २०८१ कार्तिकदेखि पुससम्म दायर भएका मुद्दाहरूको विवरण
- २०८१ कार्तिकदेखि पुससम्मको घुस/रिसवतसम्बन्धी कारबाहीको विवरण
- आयोगमा रहेको कूल उजुरी तथा फछ्यौंट संख्या
- विशेष अदालतमा दायर भएका आरोपपत्रहरूको संख्या
- विशेष अदालतबाट भएको फैसला र आयोगबाट भएको पुनरावेदन
- आयोगबाट भएको भ्रष्टाचार नियन्त्रणसम्बन्धी निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी कार्यहरूको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण


## कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था स्तम्भचित्रमा




https://www.ciaa.gov.np इमेलः info@ciaa.gov.np फोन नं. ०१-५२६२१५१,०१-५२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

# आयोगका पदाधिकारीहरू



मानननीय प्रमुख आयुक्त
प्रेम कुमार राई



माननीय आयुक्त
किशोर कुमार सिलवाल



माननीय आयुक्त
जय बहादुर चन्द



माननीय आयुक्त
डा. हरि पौडेल



माननीय आयुक्त
डा. सुमित्रा श्रेष्ठ अमात्य



सचिव
घनश्याम उपाध्याय

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारवाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारवाहीको लागि सम्वन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शीता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका काम कारबाही, उपलब्धि र भए गरेका गतिविधि समेटी विगतदेखि नै आयोगबाट अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्वन्धित सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ। उक्त कानुनी व्यवस्था अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक त्रैमासिक अवधिमा सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरू समावेश गरी स्वतः प्रकाशनको रुपमा इ-बुलेटिन सार्वजनिक गर्दै आएको छ।

आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक (कार्तिक-पुस) अवधिमा भ्रष्टाचारसम्बन्धी ५,७५६ वटा उजुरी परेका छन्। ।पहिलो त्रैमासिक अवधिमा फछ्र्यौट उजुरी ६६८९ समेत गरी हालसम्म **१२,९२४** उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ८,९७२ उजुरी अनुसन्धानको क्रममा रहेका छन्। आयोगमा परेको उजुरीमध्ये आयोगले गरेको कारबाहीबाट यस त्रैमासिक अवधिमा २३२ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,५२३ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ८१२ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र ३,५४५ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगबाट यस अवधिमा १८ वटा आरोपपत्रहरू सम्मानित विशेष अदालतमा दायर गरिएको र सोबापत ६१ जनालाई प्रतिवादी बनाई बिगो रु. २९,५८,८७,५३९.३ मागदाबी लिइएको छ। आयोगबाट यस अवधिमा घुस/रिसवतसम्बन्धी ७ वटा कारबाही भएको र यसबाट रू. ६,०८,०००।- रकम जफत हुनुका साथै घुस/रिसवतसँग जोडिएका ९ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने अभियानमा आयोगको एक्लो प्रयास मात्र सार्थक नहुने हुँदा नेपाल सरकारका सबै निकाय, सार्वजनिक सेवा प्रदायक संस्था, सरोकारवाला निकाय एवं प्रबुद्ध नागरिक समाज र सञ्चार जगतले समेत आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँदै आगामी दिनमा थप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनु भएका सबैप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौं। आफ्नो नजिकमा भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरू सदाझैं आफूलाई पायक पर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टङ्गाल काठमाडौं वा आयोग अन्तर्गतका कार्यालयहरूमा दिनुहुन अनुरोध गर्दछौं।

## सम्पादक समूह

| | | |
|---|---|---|
| सचिव श्री घनश्याम उपाध्याय | : | अध्यक्ष |
| सहसचिव श्री नरहरि घिमिरे | : | सदस्य |
| उपसचिव श्री देवी प्रसाद थपलिया | : | सदस्य |
| तथ्याङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे | : | सदस्य |

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को

नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल

## आ.व. २०८१/८२ को दोश्रो त्रैमासिक (कार्तिक-पुस) को प्रगति विवरण

### १. आयोगको स्वरुप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र चारजना आयुक्तहरू रहने संवैधानिक व्यवस्था रहेको र नियुक्तिको मितिले प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि छ वर्षको हुनेछ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रमुख आयुक्त र आयुक्तको नियुक्ति हुने प्रावधान छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री प्रेम कुमार राई |
| माननीय आयुक्त | श्री किशोर कुमार सिलवाल |
| माननीय आयुक्त | श्री जय बहादुर चन्द |
| माननीय आयुक्त | डा. हरि पौडेल |
| माननीय आयुक्त | डा. सुमित्रा श्रेष्ठ अमात्य |

संविधानको धारा २३९ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहको छ। आयोगले अनुसन्धान गर्ने वा मुद्धा चलाउने आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछन।

**आयोग र मातहतका कार्यालयहरु**

आयोगको केन्द्रीय कार्यालय, टङ्गाल, काठमाडौंमा रहेको छ। आयोग मातहत देहायका ७ वटा कार्यालयहरू र एउटा सम्पर्क कार्यालय रहेको छ।

| सि.नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

**२. आयोगको काम, कर्तव्य र अधिकार**

(१) नेपालको संविधानको भाग २१ को धारा २३९ (१) बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि सङ्घीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुनेछ।

संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउनेसम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई भ्रष्टाचारका उजुरी सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन आवश्यक पर्ने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जसअन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादन हुने गरेको छः

- विद्यमान ऐन, नियम वा प्रचलनमा कुनै त्रुटि भए सुधार गर्न सुझाव दिने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टिकृत सेवा प्राप्त गर्ने।

## ३. आयोगमा रहेको जनशक्ति र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिज बमोजिम आयोगको केन्द्रीय कार्यालय, टङ्गालमा १२ वटा महाशाखाहरू सहित ५१२ जनाको दरबन्दी रहेको छ। त्यसैगरी आयोग मातहत ७ वटा कार्यालयहरू र आयोगको कार्यालय बुटबलको सम्पर्क कार्यालय, नेपालगन्जमा गरी जम्मा ४७८ जनाको दरबन्दी रही आयोगअन्तर्गत कुल ९९० जना कर्मचारीहरूको देहायअनुसारको दरबन्दी रहेको छः-

| श्रेणी/कार्यालय | टङ्गाल | इटहरी | बर्दिबास | हेटौंडा | पोखरा | बुटवल | नेपालगञ्ज | सुर्खेत | कञ्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृत स्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

उपरोक्त अनुसारको स्वीकृत दरबन्दीमा आयोगमा स्थायी कर्मचारीका अतिरिक्त केही करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ।

## ४. आयोगबाट प्रदान गरिने सेवा

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था नेपालको संविधानमा रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीसमेतको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था गरेअनुसार भ्रष्टाचारसम्बन्धी उजुरी आयोगका सबै कार्यालयहरूमा दर्ता हुने व्यवस्था गरिएको छ।

आयोगमा विचाराधीन वा अनुसन्धानको अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित सूचना/जानकारी र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो सूचना/जानकारी र

कागजातको नक्कल उपलब्ध हुँदैन। त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा समेत कुनै सूचना उपलब्ध हुँदैन।

तर आयोगबाट हाल मुद्दा नचल्ने गरी तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ।

आयोगमा दर्ता गराएको कुनै उजुरी उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी सूचना उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

भ्रष्टाचारसम्बन्धी उजुरी दर्ताको लागि आयोगमा मूल दर्ता शाखा रहेको छ। उजुरी दर्ता गर्न आयोगको वेबसाइटमा रहेको अनलाइन उजुरी दर्ता प्रणाली प्रयोग गर्न सकिन्छ। आयोगको हटलाइन नम्बर १०७ मा आउने उजुरीहरु प्रहरी महाशाखा र टोल फ्रि नम्बर तथा इमेलमार्फत आउने उजुरीहरु नीति तथा योजना महाशाखाबाट व्यवस्था हुने गरेको छ।

आयोगबाट मुद्दा नचल्ने भई तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल सम्बन्धित अधिकृतले कानुनबमोजिम उपलब्ध गराउने छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगका सूचना अधिकारीको हुनेछ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतः कुनै शुल्क दस्तुर लाग्दैन। आयोगमा उपलब्ध हुने कागजातको नक्कल लिन चाहने सरोकारवाला नेपाली नागरिकले प्रतिपाना रु. ५/- का दरले नक्कल दस्तुरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को अनुसूची-१५ बमोजिमको ढाँचामा आयोगमा निवेदन दिनु पर्नेछ। दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्नेछ। तर कुनै सरकारी कार्यालयलाई नक्कल प्रदान गर्दा दस्तुर लिइने छैन। सूचनाको हकसम्बन्धी ऐन, नियमबमोजिम सूचना मागकर्तालाई माग भएको सूचनाको प्रकृति हेरी बढीमा १५ दिनभित्र सूचना उपलब्ध हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. उजुरीसम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरू दर्ता पश्चात स्क्रिनिङ्ग समितिमा छलफल भई छानबिन तथा अनुसन्धान गर्नुपर्ने प्रकृतिका उजुरीहरू भए सम्बन्धित महाशाखा/ आयोगका कार्यालयहरू वा उजुरीसँग सम्बन्धित नेपाल सरकारका अन्य कार्यालय वा पदाधिकारीलाई लेखी पठाइन्छ। आयोगको कार्यालय वा सम्बन्धित निकायमा लेखी पठाइएका उजुरीहरू आयोगको महाशाखाबाट लगतकट्टा गरिनेछ।
- प्राप्त उजुरी उपर अनुसन्धान अधिकृतले अनुसन्धान सम्पन्न गरी आयोग समक्ष पेश गरेको प्रतिवेदनका आधारमा आयोगबाट सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने वा नगर्ने सम्बन्धमा निर्णय हुने गर्दछ।

### ख. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सूचना उपलब्ध गराउने अधिकारीः माग भएको सूचनाको सम्बन्धित विषय/प्रकृतिअनुसार आयोगका सूचना अधिकारीले सूचना उपलव्ध गराउने छन्।
- पुनरावेदनको प्रक्रिया र पदाधिकारीः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीबाट उपलब्ध सूचनामाथि चित्त नबुझेमा वा सूचना नै नपाएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिम आयोगका प्रमुखसमक्ष उजुरी दिन सकिनेछ। माग भएको सूचनासँग सम्बन्धित उजुरीको प्रकृतिअनुसार आयोगका सचिव र आयोगले निर्णय गर्न सक्नेछ।

## ८. नक्कल र सूचना लिनेसम्बन्धी प्रक्रिया

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा तोकिएको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्नेछ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूल दर्तामा दर्ता गराउनु पर्नेछ। साथै, यस्तो निवेदन आयोगको इमेल suchana@ciaa.gov.np मार्फत समेत पठाउन सकिनेछ।
- आयोगबाट मुद्दा नचल्ने वा तामेलीमा राख्ने निर्णय भएका विषयसँग सम्वन्धित मिसिल संलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल सम्वन्धित अधिकृतले उपलव्ध गराउने छ।
- आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल माग गर्ने सरोकारवालाले तामेलीमा रहेको मिसिलको तामेली नम्बर खुलाउनु पर्नेछ।

- तामेलीमा भएका निर्णयको नक्कल दिने निर्णय भएमा तामेली शाखा प्रमुखले नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित नक्कल सरोकारवालालाई उपलब्ध गराउनु पर्नेछ।
- सूचना माग गर्ने व्यक्ति सूचनासँग सरोकार राख्ने व्यक्ति भएको हुनु पर्नेछ। साथै, आफ्नो परिचय खुल्ने कागजातसमेत समावेश गर्नुपर्दछ। यसरी सूचना माग गर्दा उजुरी दर्ता नम्बर स्पष्ट रुपमा खुली आएको हुनु पर्नेछ।

**९. सम्पादन गरेको कामको विवरणः**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयन गर्ने प्रयोजनार्थ आ.व. २०८१/८२ को यस त्रैमासिक अवधिमा आयोगले सम्पादन गरेका प्रमुख कार्यहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

**१०. प्रवक्ता एवं सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.**

**प्रवक्ताः -** सहसचिव- नरहरि घिमिरे सम्पर्क : ९८५१२३३२८१

**सूचना अधिकारीः-** उपसचिव- श्री देवी प्रसाद थपलिया सम्पर्क : ९८५११८७३०८

आयोग मातहतका ७ वटा कार्यालय र आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगन्जका सूचना अधिकारीहरूको नाम र सम्पर्क टेलिफोन नम्बर देहायअनुसार रहेका छन्:-

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उप-सचिव श्री निरज कुमार देव | ९८५२०७०३३३ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिबास | उप-सचिव श्री तुलसी राम पौडेल | ९८५४०७९१११ |
| अ.दु.अ.आ.कार्यालय, हेटौडा | उप-सचिव श्री गोविन्द प्रसाद गौतम | ९८४५८२८४०५ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उप-सचिव श्री राकेश पाण्डे | ९८५६०७७१८९ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | उप-सचिव श्री गिता आचार्य | ९८५७०७५०३१ |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | शाखा अधिकृत धर्मराज खत्री | ९८५८०७३६६६ |
| अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज | शाखा अधिकृत श्री झलक के.सी. | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कञ्चनपुर | शाखा अधिकृत चेतराज भट्ट | ९८५८७५२३७७ |

## ११. संविधान, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९
- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अभियोजन मार्ग दर्शन, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/८२ को बजेट विनियोजन र दोश्रो त्रैमासिक (कार्तिक-पुस) सम्मको खर्च, राजस्व र धरौटीको विवरण देहायअनुसार छः-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटवारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११३ | **आर्थिक वर्ष:** २०८१/८२

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च सहित) | **महिना:** पुस

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **३०३,२३७,०००.००** | **११३,०३५,०००.२४** | **११३,०३५,०००.२४** | **०.००** | **११३,०३५,०००.२४** | **०.००** | **११३,०३५,०००.२४** | **१९०,२०१,९९९.७६** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३०३,२३७,०००.०० | ११३,०३५,०००.२४ | ११३,०३५,०००.२४ | ०.०० | ११३,०३५,०००.२४ | ०.०० | ११३,०३५,०००.२४ | १९०,२०१,९९९.७६ |
| **21121 पोशाक** | | | | | **३,०८२,०००.००** | **२८०,०००.००** | **२८०,०००.००** | **०.००** | **२८०,०००.००** | **०.००** | **२८०,०००.००** | **२,८०२,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३,०८२,०००.०० | २८०,०००.०० | २८०,०००.०० | ०.०० | २८०,०००.०० | ०.०० | २८०,०००.०० | २,८०२,०००.०० |
| **21122 खाद्यान्न** | | | | | **१७,५३०,०००.००** | **४,४९९,६३०.९९** | **४,४९९,६३०.९९** | **०.००** | **४,४९९,६३०.९९** | **०.००** | **४,४९९,६३०.९९** | **१३,०३०,३६९.०१** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १७,५३०,०००.०० | ४,४९९,६३०.९९ | ४,४९९,६३०.९९ | ०.०० | ४,४९९,६३०.९९ | ०.०० | ४,४९९,६३०.९९ | १३,०३०,३६९.०१ |
| **21123 औषधी उपचार खर्च** | | | | | **५००,०००.००** | **५००,०००.००** | **५००,०००.००** | **०.००** | **५००,०००.००** | **०.००** | **५००,०००.००** | **०.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५००,०००.०० | ५००,०००.०० | ५००,०००.०० | ०.०० | ५००,०००.०० | ०.०० | ५००,०००.०० | ०.०० |
| **21132 महँगी भत्ता** | | | | | **११,१८४,०००.००** | **३,६२४,९४७.३०** | **३,६२४,९४७.३०** | **०.००** | **३,६२४,९४७.३०** | **०.००** | **३,६२४,९४७.३०** | **७,५५९,०५२.७०** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ११,१८४,०००.०० | ३,६२४,९४७.३० | ३,६२४,९४७.३० | ०.०० | ३,६२४,९४७.३० | ०.०० | ३,६२४,९४७.३० | ७,५५९,०५२.७० |
| **21134 कर्मचारीको बैठक भत्ता** | | | | | **२,५१५,०००.००** | **२१०,०००.००** | **२१०,०००.००** | **०.००** | **२१०,०००.००** | **०.००** | **२१०,०००.००** | **२,३०५,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २,५१५,०००.०० | २१०,०००.०० | २१०,०००.०० | ०.०० | २१०,०००.०० | ०.०० | २१०,०००.०० | २,३०५,०००.०० |
| **21135 कर्मचारी प्रोत्साहन तथा पुरस्कार** | | | | | **२९६,५००,०००.००** | **७४,२११,८९१.६९** | **५९,२५५,६६२.०२** | **१५,८२४,५८६.४२** | **७५,०८०,२४८.४४** | **०.००** | **७५,०८०,२४८.४४** | **२२१,४१९,७५१.५६** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २९६,५००,०००.०० | ७४,२११,८९१.६९ | ५९,२५५,६६२.०२ | १५,८२४,५८६.४२ | ७५,०८०,२४८.४४ | ०.०० | ७५,०८०,२४८.४४ | २२१,४१९,७५१.५६ |
| **21139 अन्य भत्ता** | | | | | **५४२,०००.००** | **१८३,४००.००** | **१८३,४००.००** | **०.००** | **१८३,४००.००** | **०.००** | **१८३,४००.००** | **३५८,६००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५४२,०००.०० | १८३,४००.०० | १८३,४००.०० | ०.०० | १८३,४००.०० | ०.०० | १८३,४००.०० | ३५८,६००.०० |
| **21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च** | | | | | **१,४४०,०००.००** | **१०,५०२.४२** | **१०,५०२.४२** | **०.००** | **१०,५०२.४२** | **०.००** | **१०,५०२.४२** | **१,४२९,४९७.५८** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १,४४०,०००.०० | १०,५०२.४२ | १०,५०२.४२ | ०.०० | १०,५०२.४२ | ०.०० | १०,५०२.४२ | १,४२९,४९७.५८ |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **२,१८०,०००.००** | **७२०,०००.००** | **७२०,०००.००** | **०.००** | **७२०,०००.००** | **०.००** | **७२०,०००.००** | **१,४६०,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २,१८०,०००.०० | ७२०,०००.०० | ७२०,०००.०० | ०.०० | ७२०,०००.०० | ०.०० | ७२०,०००.०० | १,४६०,०००.०० |
| **22111 पानी तथा बिजुली** | | | | | **१०,२८७,०००.००** | **३,१६६,७५७.४४** | **३,०१०,६९०.६५** | **१५६,०६६.७९** | **३,१६६,७५७.४४** | **०.००** | **३,१६६,७५७.४४** | **७,१२०,२४२.५६** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १०,२८७,०००.०० | ३,१६६,७५७.४४ | ३,०१०,६९०.६५ | १५६,०६६.७९ | ३,१६६,७५७.४४ | ०.०० | ३,१६६,७५७.४४ | ७,१२०,२४२.५६ |
| **22112 संचार महसुल** | | | | | **८,६५०,०००.००** | **२,३२०,२००.१३** | **२,२५१,७७५.१३** | **६८,४२५.००** | **२,३२०,२००.१३** | **०.००** | **२,३२०,२००.१३** | **६,३२९,७९९.८७** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ८,६५०,०००.०० | २,३२०,२००.१३ | २,२५१,७७५.१३ | ६८,४२५.०० | २,३२०,२००.१३ | ०.०० | २,३२०,२००.१३ | ६,३२९,७९९.८७ |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ३५,९९२,०००,०० | ९,४९६,२७१,०० | ८,५६०,७७२,०० | ९३५,४९९,०० | ९,४९६,२७१,०० | १,०००,०००,०० | ८,४९६,२७१,०० | २६,४९५,७२९,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३५,९९२,०००.०० | ९,४९६,२७१.०० | ८,५६०,७७२.०० | ९३५,४९९.०० | ९,४९६,२७१.०० | १,०००,०००.०० | ८,४९६,२७१.०० | २६,४९५,७२९.०० |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | १८,०००,०००,०० | ५,०४६,२७७,०९ | ४,४६६,४६६,७१ | ५७९,८१०,३८ | ५,०४६,२७७,०९ | ०,०० | ५,०४६,२७७,०९ | १२,९५३,७२२,९१ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १८,०००,०००.०० | ५,०४६,२७७.०९ | ४,४६६,४६६.७१ | ५७९,८१०.३८ | ५,०४६,२७७.०९ | ०.०० | ५,०४६,२७७.०९ | १२,९५३,७२२.९१ |
| 22214 बीमा तथा नवीकरण खर्च | | | | | ३,५९५,०००,०० | २,२९६,०७०,०० | १४६,०७०,०० | २,०३८,९१५,०० | २,१८४,९८५,०० | १४०,०००,०० | २,०४४,९८५,०० | १,४१०,०१५,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३,५९५,०००.०० | २,२९६,०७०.०० | १४६,०७०.०० | २,०३८,९१५.०० | २,१८४,९८५.०० | १४०,०००.०० | २,०४४,९८५.०० | १,४१०,०१५.०० |
| 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | ९,४००,०००,०० | ८३१,१२०,३६ | ५५४,६१२,६८ | २७६,५०७,६८ | ८३१,१२०,३६ | ०,०० | ८३१,१२०,३६ | ८,५६८,८७९,६४ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ९,४००,०००.०० | ८३१,१२०.३६ | ५५४,६१२.६८ | २७६,५०७.६८ | ८३१,१२०.३६ | ०.०० | ८३१,१२०.३६ | ८,५६८,८७९.६४ |
| 22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | | | ३,६००,०००,०० | ९३६,९०४,१५ | ९३६,९०४,१५ | ०,०० | ९३६,९०४,१५ | ०,०० | ९३६,९०४,१५ | २,६६३,०९५,८५ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३,६००,०००.०० | ९३६,९०४.१५ | ९३६,९०४.१५ | ०.०० | ९३६,९०४.१५ | ०.०० | ९३६,९०४.१५ | २,६६३,०९५.८५ |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ३१,८००,०००,०० | १८,०३२,७४७,८३ | १८,००५,६४७,८३ | २७,१००,०० | १८,०३२,७४७,८३ | ०,०० | १८,०३२,७४७,८३ | १३,७६७,२५२,१७ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३१,८००,०००.०० | १८,०३२,७४७.८३ | १८,००५,६४७.८३ | २७,१००.०० | १८,०३२,७४७.८३ | ०.०० | १८,०३२,७४७.८३ | १३,७६७,२५२.१७ |
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | ५००,०००,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ५००,०००,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १७,१००,०००,०० | २,७७१,२४७,८८ | २,६६८,१९१,८८ | १०३,०५६,०० | २,७७१,२४७,८८ | ०,०० | २,७७१,२४७,८८ | १४,३२८,७५२,१२ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १७,१००,०००.०० | २,७७१,२४७.८८ | २,६६८,१९१.८८ | १०३,०५६.०० | २,७७१,२४७.८८ | ०.०० | २,७७१,२४७.८८ | १४,३२८,७५२.१२ |
| 22411 सेवा र परामर्श खर्च | | | | | ८,६४०,०००,०० | १,१३२,०००,०० | १,०९०,०००,०० | ४२,०००,०० | १,१३२,०००,०० | ०,०० | १,१३२,०००,०० | ७,५०८,०००,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ८,६४०,०००.०० | १,१३२,०००.०० | १,०९०,०००.०० | ४२,०००.०० | १,१३२,०००.०० | ०.०० | १,१३२,०००.०० | ७,५०८,०००.०० |
| 22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | ५,५००,०००,०० | १,१९२,०३७,०० | १,१९२,०३७,०० | ०,०० | १,१९२,०३७,०० | ०,०० | १,१९२,०३७,०० | ४,३०७,९६३,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५,५००,०००.०० | १,१९२,०३७.०० | १,१९२,०३७.०० | ०.०० | १,१९२,०३७.०० | ०.०० | १,१९२,०३७.०० | ४,३०७,९६३.०० |
| 22413 करार सेवा शुल्क | | | | | ४९,३८१,०००,०० | १५,३९३,६९८,७५ | १४,९२७,९९३,७५ | ४६५,७०५,०० | १५,३९३,६९८,७५ | ०,०० | १५,३९३,६९८,७५ | ३३,९८७,३०१,२५ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ४९,३८१,०००.०० | १५,३९३,६९८.७५ | १४,९२७,९९३.७५ | ४६५,७०५.०० | १५,३९३,६९८.७५ | ०.०० | १५,३९३,६९८.७५ | ३३,९८७,३०१.२५ |
| 22419 अन्य सेवा शुल्क | | | | | ९००,०००,०० | १६८,९६०,०० | १६८,९६०,०० | ०,०० | १६८,९६०,०० | ०,०० | १६८,९६०,०० | ७३१,०४०,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ९००,०००.०० | १६८,९६०.०० | १६८,९६०.०० | ०.०० | १६८,९६०.०० | ०.०० | १६८,९६०.०० | ७३१,०४०.०० |
| 22511 कर्मचारी तालिम खर्च | | | | | २५,४६५,०००,०० | ९०३,७३८,०० | ४९५,८८१,०० | ४०७,८५७,०० | ९०३,७३८,०० | ०,०० | ९०३,७३८,०० | २४,५६१,२६२,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २५,४६५,०००.०० | ९०३,७३८.०० | ४९५,८८१.०० | ४०७,८५७.०० | ९०३,७३८.०० | ०.०० | ९०३,७३८.०० | २४,५६१,२६२.०० |
| 22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | ५,४२०,०००,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ०,०० | ५,४२०,०००,०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५,४२०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,४२०,०००.०० |
| 22529 विविध कार्यक्रम खर्च | | | | | १९,१००,०००,०० | ९९३,१९७,०५ | ९९३,१९७,०५ | ०,०० | ९९३,१९७,०५ | ०,०० | ९९३,१९७,०५ | १८,१०६,८०२,९५ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १९,१००,०००.०० | ९९३,१९७.०५ | ९९३,१९७.०५ | ०.०० | ९९३,१९७.०५ | ०.०० | ९९३,१९७.०५ | १८,१०६,८०२.९५ |
| 22611 अनुगमन, मूल्यांकन खर्च | | | | | ६,०००,०००,०० | १,०३७,८२५,६३ | ७८८,०४७,०० | २४९,७७८,६३ | १,०३७,८२५,६३ | ०,०० | १,०३७,८२५,६३ | ४,९६२,१७४,३७ |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ६,०००,०००.०० | १,०३७,८२५.६३ | ७८८,०४७.०० | २४९,७७८.६३ | १,०३७,८२५.६३ | ०.०० | १,०३७,८२५.६३ | ४,९६२,१७४.३७ |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22612 भ्रमण खर्च** | | | | | **४२,५५०,०००.००** | **७,२०४,०१७.२५** | **६,०२२,८७८.७५** | **६७१,७७६.५०** | **६,६९४,६५५.२५** | **०.००** | **६,६९४,६५५.२५** | **३५,८५५,३४४.७५** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ४२,५५०,०००.०० | ७,२०४,०१७.२५ | ६,०२२,८७८.७५ | ६७१,७७६.५० | ६,६९४,६५५.२५ | ०.०० | ६,६९४,६५५.२५ | ३५,८५५,३४४.७५ |
| **22619 अन्य भ्रमण खर्च** | | | | | **१६,८००,०००.००** | **२,००१,००५.००** | **१,७११,५००.००** | **२८९,५०५.००** | **२,००१,००५.००** | **१,५००,०००.००** | **५०१,००५.००** | **१४,७९८,९९५.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १६,८००,०००.०० | २,००१,००५.०० | १,७११,५००.०० | २८९,५०५.०० | २,००१,००५.०० | १,५००,०००.०० | ५०१,००५.०० | १४,७९८,९९५.०० |
| **22711 विविध खर्च** | | | | | **३१,५००,०००.००** | **६,७५८,१८१.६०** | **५,८०२,४२२.१०** | **९५५,७५९.५०** | **६,७५८,१८१.६०** | **१,०००,०००.००** | **५,७५८,१८१.६०** | **२४,७४१,८१८.४०** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ३१,५००,०००.०० | ६,७५८,१८१.६० | ५,८०२,४२२.१० | ९५५,७५९.५० | ६,७५८,१८१.६० | १,०००,०००.०० | ५,७५८,१८१.६० | २४,७४१,८१८.४० |
| **27211 छात्रवृत्ति** | | | | | **५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **५००,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| | **जम्मा** | | | | **१,०१०,०८०,०००.००** | **२७७,९७४,६४८.००** | **२५५,१२१,३३१.४५** | **२२,०९३,१४६.३०** | **२७७,२१४,४७७.७५** | **५,४४०,०००.००** | **२७१,७७४,४७७.७५** | **७३२,८६५,५२२.२५** |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार/प्रदेश सरकार** | | **१,०१०,०८०,०००.००** | **२७७,९७४,६४८.००** | **२५५,१२१,३३१.४५** | **२२,०९३,१४६.३०** | **२७७,२१४,४७७.७५** | **५,४४०,०००.००** | **२७१,७७४,४७७.७५** | **७३२,८६५,५२२.२५** |
| | 01-नगद | १,०१०,०८०,०००.०० | २७७,९७४,६४८.०० | २५५,१२१,३३१.४५ | २२,०९३,१४६.३० | २७७,२१४,४७७.७५ | ५,४४०,०००.०० | २७१,७७४,४७७.७५ | ७३२,८६५,५२२.२५ |
| **जम्मा** | | **१,०१०,०८०,०००.००** | **२७७,९७४,६४८.००** | **२५५,१२१,३३१.४५** | **२२,०९३,१४६.३०** | **२७७,२१४,४७७.७५** | **५,४४०,०००.००** | **२७१,७७४,४७७.७५** | **७३२,८६५,५२२.२५** |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

म.ले.प. फाराम नं:२१०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटवारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११४
**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च सहित)

**आर्थिक वर्ष:** २०८१/८२
**महिना:** पुस

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **31122 मेसिनरी तथा औजार** | | | | | **५६,७५०,०००.००** | **०.००** | **०.००** | **९४,३५५.००** | **९४,३५५.००** | **०.००** | **९४,३५५.००** | **५६,६५५,६४५.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ५६,७५०,०००.०० | ०.०० | ०.०० | ९४,३५५.०० | ९४,३५५.०० | ०.०० | ९४,३५५.०० | ५६,६५५,६४५.०० |
| **31123 फर्निचर तथा फिक्चर्स** | | | | | **९,०००,०००.००** | **०.००** | **०.००** | **९४९,२००.००** | **९४९,२००.००** | **०.००** | **९४९,२००.००** | **८,०५०,८००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ९,०००,०००.०० | ०.०० | ०.०० | ९४९,२००.०० | ९४९,२००.०० | ०.०० | ९४९,२००.०० | ८,०५०,८००.०० |
| **31134 कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च** | | | | | **४,५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **४,५००,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ४,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,५००,०००.०० |
| **31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च** | | | | | **१०,५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१०,५००,०००.००** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | १०,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,५००,०००.०० |
| | **जम्मा** | | | | **८०,७५०,०००.००** | **०.००** | **०.००** | **१,०४३,५५५.००** | **१,०४३,५५५.००** | **०.००** | **१,०४३,५५५.००** | **७९,७०६,४४५.००** |

स्रोतगत जम्मा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **1100001-नेपाल सरकार/प्रदेश सरकार** | | | | **८०,७५०,०००.००** | **०.००** | **०.००** | **१,०४३,५५५.००** | **१,०४३,५५५.००** | **०.००** | **१,०४३,५५५.००** | **७९,७०६,४४५.००** |
| | | 01-नगद | | | ८०,७५०,०००.०० | ०.०० | ०.०० | १,०४३,५५५.०० | १,०४३,५५५.०० | ०.०० | १,०४३,५५५.०० | ७९,७०६,४४५.०० |
| | **जम्मा** | | | | **८०,७५०,०००.००** | **०.००** | **०.००** | **१,०४३,५५५.००** | **१,०४३,५५५.००** | **०.००** | **१,०४३,५५५.००** | **७९,७०६,४४५.००** |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ..........
नाम :
पद:
मिति :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटवारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००१३ **आर्थिक वर्ष:** २०८१/८२
**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग **महिना:** पुस

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21112 पारिश्रमिक पदाधिकारी** | | | | | **५,५००,०००.००** | **२,८३६,६८८.२०** | **२,५६९,९३९.५०** | **४३६,२५१.३०** | **३,००६,१९०.८०** | **०.००** | **३,००६,१९०.८०** | **२,४९३,८०९.२०** |
| | 1100001-नेपाल सरकार/संघीय सरकार | 01-नगद | | | ५,५००,०००.०० | २,८३६,६८८.२० | २,५६९,९३९.५० | ४३६,२५१.३० | ३,००६,१९०.८० | ०.०० | ३,००६,१९०.८० | २,४९३,८०९.२० |
| **21142 पदाधिकारी अन्य सुविधा** | | | | | **३००,०००.००** | **३५,२००.००** | **४५,०००.००** | **८,८००.००** | **५३,८००.००** | **०.००** | **५३,८००.००** | **२४६,२००.००** |
| | 1100001-नेपाल सरकार/संघीय सरकार | 01-नगद | | | ३००,०००.०० | ३५,२००.०० | ४५,०००.०० | ८,८००.०० | ५३,८००.०० | ०.०० | ५३,८००.०० | २४६,२००.०० |
| **21149 पदाधिकारी अन्य भत्ता** | | | | | **४,८००,०००.००** | **४०,०००.००** | **५०,०००.००** | **१०,०००.००** | **६०,०००.००** | **०.००** | **६०,०००.००** | **४,७४०,०००.००** |
| | 1100001-नेपाल सरकार/संघीय सरकार | 01-नगद | | | ४,८००,०००.०० | ४०,०००.०० | ५०,०००.०० | १०,०००.०० | ६०,०००.०० | ०.०० | ६०,०००.०० | ४,७४०,०००.०० |
| **22211 इन्धन (पदाधिकारी)** | | | | | **१,०५०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१,०५०,०००.००** |
| | 1100001-नेपाल सरकार/संघीय सरकार | 01-नगद | | | १,०५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,०५०,०००.०० |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **७२०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **७२०,०००.००** |
| | 1100001-नेपाल सरकार/संघीय सरकार | 01-नगद | | | ७२०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७२०,०००.०० |
| | **जम्मा** | | | | **१२,३७०,०००.००** | **२,९११,८८८.२०** | **२,६६४,९३९.५०** | **४५५,०५१.३०** | **३,११९,९९०.८०** | **०.००** | **३,११९,९९०.८०** | **९,२५०,००९.२०** |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **1100001-नेपाल सरकार/संघीय सरकार** | | **१२,३७०,०००.००** | **२,९११,८८८.२०** | **२,६६४,९३९.५०** | **४५५,०५१.३०** | **३,११९,९९०.८०** | **०.००** | **३,११९,९९०.८०** | **९,२५०,००९.२०** |
| | 01-नगद | १२,३७०,०००.०० | २,९११,८८८.२० | २,६६४,९३९.५० | ४५५,०५१.३० | ३,११९,९९०.८० | ०.०० | ३,११९,९९०.८० | ९,२५०,००९.२० |
| **जम्मा** | | **१२,३७०,०००.००** | **२,९११,८८८.२०** | **२,६६४,९३९.५०** | **४५५,०५१.३०** | **३,११९,९९०.८०** | **०.००** | **३,११९,९९०.८०** | **९,२५०,००९.२०** |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

नेपाल सरकार

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल[२०६००३५०१]

**राजस्व सम्बन्धी मासिक प्रतिवेदन**

आ.व. २०८१/८२

महिना : पुष

| सि.नं. | राजस्व शीर्षक | अघिल्लो महिना | यस महिनाको | जम्मा | नगद दाखिला हुन बांकी भौचर |
|---|---|---|---|---|---|
| १ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ५,०००.०० | ० | ५,०००.०० | |
| २ | १४२१८-विधुतसेवा शुल्क | ० | ० | ० | |
| ३ | १४२२१-न्यायिकदस्तुर | ० | ० | ० | |
| ४ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | १००. | ३०,०००.०० | ३०,१००.०० | |
| ५ | १४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत | ७,७७७,०००.०० | १३५,००१.०० | ७,९१२,००१.०० | |
| ६ | १४३१३-धरौटी सदरस्याहा | ० | ० | ० | |
| ७ | १४५२९-अन्यराजस्व | ३००,०००.०० | ० | ३००,०००.०० | |
| ८ | १५१११-बेरूजू | ६२५,१७६.०० | ० | ६२५,१७६.०० | |
| ९ | १५११२-निकासा फिर्ता | २००,०००.०० | ० | २००,०००.०० | |
| १० | ३२१२१-गत वर्षको नगद मौज्दात | ० | ० | ० | |
| जम्मा रकम | | ८,९०७,२७६.०० | १६५,००१.०० | ९,०७२,२७७.०० | ० |

कोष को अवस्था

कुल आम्दानी : ९,०७२,२७७.००

सो मध्येः, बैंक भौचरबाट : १६५,००१.००

नगद संकलन :

नगद संकलन मध्ये,

- बैंक दाखिला गरेको रकम :

-नगद मौज्दात :

लेखा प्रमुख

कार्यालय प्रमुख

नेपाल सरकार
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
206003501-अख्तियार दुरुपयोग अनुसन्धान आयोग

म.ले.प. फाराम नं:६०७

## धरौटी मासिक विवरण

**आर्थिक वर्ष:** २०८१/८२
**महिना:** पुस

| | |
|---|---|
| **१. आम्दानी** | |
| क. गत महिनाको धरौटी मौज्दात | २७,०२२,००६.०४ |
| ख. चालु महिनाको प्राप्त भएको धरौटी | २३७,७९४.६० |
| यस महिना सम्मको जम्मा : | २७,२५९,८००.६४ |
| **२. खर्च** | |
| क. चालु महिनाको फिर्ता भएको धरौटी | ०.०० |
| ख. चालु महिनाको सदर स्याहा भएको धरौटी | ०.०० |
| ग. चालु महिनाको अन्य फिर्ता भएको धरौटी | ३५०,०००.०० |
| यस महिना सम्मको जम्मा : | ३५०,०००.०० |
| **३. स्रेस्ताअनुसारको बाँकी (१-२)** | २६,९०९,८००.६४ |
| **४. बैंकअनुसारको धरौटी मौज्दात** | ०.०० |
| **५. फरक(३-४)** | |
| **६. फरक पर्नाको कारण** | |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ..........
नाम :
पद:
मिति :

## १३. तोकिएबमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य सामग्रीहरू देहायबमोजिम रहेका छन्ः

- आयोगको चौतिसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१)
- आयोगको संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ -२०८०/८१
- स्मारिका, २०८०
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजिरहरूको सारसंक्षेप, २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, २०७८
- नजिर संग्रह (भ्रष्टाचारसम्बन्धी कसुरमा आधारित), २०७८

## १४. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरू

- सामुदायिक शिक्षा कार्यक्रम
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रम
- आयोगको ३३ औं स्थापना दिवस कार्यक्रम
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम
- नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूसँगको अन्तरक्रिया कार्यक्रम
- आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरू बिच अन्तरक्रिया कार्यक्रम
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको चौतिसौं बार्षिक प्रतिवेदन पेश
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धिको पक्ष राष्ट्रहरुको अमेरिकाको एटलान्टामा भएको १० औं सम्मेलनमा आयोगको सहभागिता
- कानुनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- अनुसन्धान अधिकृतहरुको लागि आधारभूत तालिम कार्यक्रम

## १५. आयोगको वेबसाइट र यसको विवरण

आयोगको वेबसाइट www.ciaa.gov.np रहेको छ। उक्त वेबसाइटमा आयोगको परिचय तथा गठन, संगठन संरचना, आयोगका पदाधिकारीहरूको परिचय, आयोग मातहतका कार्यालयहरूको विवरण, ऐन/कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरू सूचीकृत गरिएको छ। यसका अलावा आयोगको वेबसाइटमा मार्फत अनलाइन उजुरी प्रेषित गर्नसक्ने व्यवस्थासमेत मिलाइएको छ। आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना सम्प्रेषण गर्ने व्यवस्था गरिएको छ।

**आयोगमा गुनासो/उजुरी गर्ने माध्यमहरू**

हटलाइन नं.: १०७ (मौखिक रुपमा उजुरी टिपाउन सकिने) आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन उजुरी गर्न सकिने

टोल फ्रि नं.: १६६०-०१-२२२३३ र

ujuri@ciaa.gov.np मार्फत उजुरी दिन सकिने

मोवाइल नं ९८६३३३३१९१, फेसबुक पेज/NepalCIAA र

ट्विटरः @ciaa_nepal मा Message गरी उजुरी दिन सकिन्छ। साथै हुलाक मार्फत वा आयोग र अन्तर्गतका कार्यालयहरूमा आफैं उपस्थित भएर पनि उजुरी गर्न सकिन्छ।

**१६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः**

नेपाल सरकारबाट विनियोजित वार्षिक बजेट तथा कार्यक्रमअनुसार आयोग सञ्चालन हुने गरेको छ। आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण बुँदा नं. १२ मा प्रस्तुत गरिएको छ।

**१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

आयोगले यस त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यक्रम तथा प्रगति विवरण यसै बुलेटिनको सम्पादित कार्यहरूको त्रैमासिक विवरणको बुँदा नं १ देखि ७ सम्म प्रस्तुत गरिएको छ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**

आयोगसँग सम्बन्धित ऐन, नियमावली र कार्यविधिमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरू आयोगको वेबसाइट, पत्रपत्रिका र सामाजिक सञ्जालमाफर्त सार्वजनिक गर्ने गरिएको छ।

**१९. सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः**

आर्थिक बर्ष २०८१/०८२ को यस त्रैमासिक अवधिमा सूचना माग गरिएका ९४ वटा निवेदन परेको र सोही बमोजिम सरोकारवाला व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ।

## २०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने गरेको विवरणः

आयोगको वार्षिक प्रतिवेदन र इ-बुलेटिन मार्फत आयोगका सूचनाहरु नियमित रुपमा प्रकाशित हुने गरेको छ। उक्त प्रतिवेदन र ई-वुलेटिन आयोगको Website www.ciaa.gov मा राख्ने गरिएको छ। घुस रिसवत लिने दिने लगायत भ्रष्टाचारका अन्य कसुरउपर विशेष अदालतमा आरोपपत्र दायर लगायत आयोगका अन्य गतिविधि सम्मिलित विषय प्रेस विज्ञप्ति मार्फत आयोगको वेबसाइटमा प्रकाशन गर्ने गरिएको र सो बारेमा विभिन्न सञ्चार माध्यमहरूबाट समेत सूचना सम्प्रेषण हुने गरेको छ। नेपाल टेलिभिजनबाट "सुशासन सवाल" कार्यक्रम मासिक रुपमा हरेक महिनाको तेस्रो मंगलबार साँझ ७:२५बजे र सोको भोलिपल्ट बिहान पुनःप्रसारण हुँदै आएको छ। यसका अतिरिक्त आयोगबाट सम्प्रेषण गर्न उपयुक्त हुने सूचनाहरू विभिन्न सञ्चार माध्यममार्फत समाचार तथा लेख रचनाको रुपमा प्रकाशन तथा प्रसारण हुँदै आएको छ।

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयनको लागि प्रकाशित)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यहरूको त्रैमासिक (कार्तिक-पुस) विवरण

## १. उजुरी र फछ्र्यौट

### १.१ आयोगमा रहेका उजुरी र फछ्र्यौट

आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक (कार्तिक-पुस) अवधिमा भ्रष्टाचारसम्बन्धी ५,७५६ वटा उजुरी परेका छन्। पहिलो त्रैमासिक अवधिमा फछ्र्यौट भएका उजुरी ६६८९ समेत गरी हालसम्म १२,९२४ उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ८,९७२ उजुरी अनुसन्धानको क्रममा रहेका छन्। आयोगमा परेको उजुरीमध्ये आयोगले गरेको कारबाहीबाट यस त्रैमासिक अवधिमा २३२ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, १,५२३ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ८१२ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र ३,५४५ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले गरेको कारबाही एवं फछ्र्यौट हुन बाँकी उजुरीको विवरण देहायअनुसार रहेको छ :-

**१.१ आयोगमा रहेको कुल उजुरी, फछ्र्यौट तथा बाँकी उजुरीहरूको विवरण**


| विवरण | उजुरी संख्या | फछ्र्यौट | | | | | जम्मा फछ्र्यौट | त्रैमासिक अवधिसम्म फछ्र्यौट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धानमा गएको | तामेली | सुझाव सहित तामेली | सम्बन्धित निकायमा लेखी पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| गत आ.व. को जिम्मेवारी सरेको उजुरी संख्या | ८,४७२ | - | - | - | - | - | - | |
| पहिलो त्रैमासिक | ७,६६८ | २१५ | ३,३६३ | ४७ | २,१३९ | ९२५ | ६,६८९ | ९,४५१ |
| दोश्रो त्रैमासिक | ५,७५६ | २३२ | ३,५४५ | १२३ | १,५२३ | ८१२ | ६,२३५ | ८,९७२ |
| हाल सम्मको जम्मा | २१,८९६ | ४४७ | ६,९०८ | १७० | ३,६६२ | १,७३७ | १२,९२४ | |

## १.२ कार्यालयगत उजुरी र फछ्र्यौटको अवस्था

आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिसम्ममा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका उजुरीहरू देहायको तालिका तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ। सो अनुसार बढी उजुरीहरू ११,११५ (५०.७६%) आयोगको टङ्गालस्थित केन्द्रीय कार्यालयमा दर्ता भएका छन्। मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा २,३२० उजुरीहरू (१०.६०%) रहेका छन्। सबैभन्दा कम उजुरीहरू आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा ४८६ उजुरीहरू (२.२२%) रहेका छन्।

| कार्यालय | अल्या उजुरी | दोश्रो त्रैमासिक अवधिसम्मको उजुरी संख्या | कुल उजुरी संख्या | उजुरी प्रतिशत | कुल फछ्र्यौट भएको उजुरी संख्या | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| टङ्गाल | ३,६०४ | ७,५११ | ११,११५ | ५०.७६% | ७,७१५ | ६९.४१% |
| इटहरी | ५४८ | ८०६ | १,३५४ | ६.१८% | ८१५ | ६०.१९% |
| वर्दिबास | ९३६ | १,३८४ | २,३२० | १०.६०% | १,२५४ | ५४.०५% |
| हेटौंडा | ९१२ | ९८८ | १,९०० | ८.६८% | ७९६ | ४१.८९% |
| पोखरा | १५९ | ६१४ | ७७३ | ३.५३% | ४७५ | ६१.४५% |
| बुटबल | ४३५ | ५८१ | १,०१६ | ४.६४% | ५९५ | ५८.५६% |
| नेपालगञ्ज (संम्पर्क कार्यालय) | १६९ | ३१७ | ४८६ | २.२२% | २९७ | ६१.११% |
| सुर्खेत | १,२११ | ६३१ | १,८४२ | ८.४१% | ६८१ | ३६.९७% |
| कञ्चनपुर | ४९८ | ५९२ | १,०९० | ४.९८% | २९६ | २७.१६% |
| जम्मा | ८,४७२ | १३,४२४ | २१,८९६ | १००% | १२,९२४ | ५९.०२% |

## कार्यालयगत उजुरी र फछ्र्यौंटको अवस्था स्तम्भचित्रमा



## २ भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा आयोगबाट भएको कार्य प्रगति


### २.१ भ्रष्टाचार नियन्त्रणसम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-

**क) दर्ता भएका आरोपपत्रहरूको संख्या**

आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिमा आयोगले कुल १८ वटा आरोपपत्रहरू विशेष अदालतमा दायर गरेको छ। यस त्रैमासिकको कार्तिक महिनामा २, मंसिर महिनामा ७ र पुस महिनामा ९ वटा आरोपपत्रहरू दायर भएका छन्।

**यस त्रैमासिक अवधिमा दर्ता भएका आरोपपत्रहरूको विवरण :-**

| क्र.सं. | विषय | मुद्दा (संख्या) | प्रतिवादी (संख्या) |
|---|---|---|---|
| १ | घुस (रिसवत) | ८ | १२ |
| २ | झुट्ठा/नक्कली शैक्षिक प्रमाणपत्र | ३ | ३ |
| ३ | गैरकानुनी लाभ वा हानी | ५ | ४० |
| ४ | गैरकानुनी सम्पत्ति आर्जन | १ | ५ |
| ५ | विविध | १ | १ |
| जम्मा | | १८ | ६१ |



यस आर्थिक वर्षको दोश्रो त्रैमासिक अवधिमा विशेष अदालतमा दायर गरिएका १८ वटा आरोपपत्रमा ६१ जना आरोपीलाई प्रतिवादी बनाई बिगो रु. २९,५८,८७,५३९.३ को माग दावी लिइएको छ। मुद्दा दायर गरिएका व्यक्तिहरूको पद/श्रेणी वा दर्जा निम्नानुसार रहेको छः-

| क्र.सं. | पद/श्रेणी | प्रतिवादीको सेवाको क्षेत्र | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | प्राविधिक | | नेपाल प्रहरी | सशस्त्र प्रहरी | शिक्षक | |
| | | | इन्जिनियर | अन्य | | | | |
| १ | विशिष्ट श्रेणी वा सो सरह | | | २ | | | | २ |
| २ | उपसचिव वा सो सरह | १ | | २ | | | | ३ |
| ३ | शाखा अधिकृत वा सो सरह | ७ | ४ | ६ | | १ | | १८ |
| ४ | ना.सु वा सो सरह | ६ | २ | ३ | १ | | | १२ |
| ५ | खरिदार वा सो सरह | | | २ | | | | २ |
| **राष्ट्रसेवक कर्मचारी जम्मा** | | **१४** | **६** | **१५** | **१** | **१** | | **३७** |
| ६ | निर्वाचित | ४ | | | | | | ४ |
| ७ | मनोनीत पदाधिकारी | ९ | | | | | | ९ |
| ८ | व्यवसायी | ६ | | | | | | ६ |
| ९ | अन्य | ५ | | | | | | ५ |
| **अन्य व्यक्ति जम्मा** | | **२४** | | | | | | **२४** |
| **कुल प्रतिवादी संख्या** | | | | | | | | **६१** |
| **जम्मा आरोपपत्र दायर संख्या** | | | | | | | | **१८** |

**दोश्रो त्रैमासिक अवधिमा दायर भएका आरोपपत्रको विस्तृत विवरण निम्न बमोजिम उल्लेख गरिएको छः-**

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| १ | डिल्ली प्रसाद ओली | वडा अध्यक्ष | बुद्धशान्ति गाउँपालिका -२, झापा | घुस रिसवत | ४५२ | २०८१/०७/१२ | ८०,०००.०० |
| २ | वीरेन्द्र प्रसाद साह भन्ने वीरेन्द्र प्रसाद साह कानु | निमित प्रमुख प्रशासकीय अधिकृत | सिम्रौनगढ नगरपालिकाका कार्यालय, बारा | घुस रिसवत | ४७४ | २०८१/०७/३० | ८,०००.०० |
| ३ | इश्वर चन्द्र चौलागाई | अमिन | तारकेश्वर नगरपालिका, काठमाडौं | घुस रिसवत | ४७२ | २०८१/०८/०५ | २०,०००.०० |
| ४ | रमेश बोहरा | अ.हे.ब. | आधारभुत स्वास्थ्य सेवा केन्द्र परशुराम नगरपालिका,डडेलधुरा | नक्कली शैक्षिक प्रमाणपत्र | ५२६ | २०८१/०८/१४ | |
| ५ | सन्तोष कुमार मिश्र | तहसिलदार | जिल्ला अदालत, तौलिहवा, कपिलवस्तु | घुस रिसवत | ५५० | २०८१/०८/२१ | २०,०००.०० |
| | विकाश पाण्डेय | कम्प्यूटर अपरेटर | जिल्ला अदालत, तौलिहवा, कपिलवस्तु | ऐ | ऐ | ऐ | |
| ६ | सुर्य प्रसाद सिलवाल | अध्यक्ष | नेपाल विमा प्राधिकरण, काठमाडौं | नपाएको ओहदा पाए भन्ने र झुठा विवरण | ५७८ | २०८१/०८/२४ | |
| ७ | छवीलाल कुँवर | तत्कालिन सशस्त्र प्रहरी निरिक्षक | सशस्त्र प्रहरी वल नेपाल नम्बर २९ गण, ग्वालामाई दाङ | झुठा शैक्षिक योग्यताको प्रमाणपत्र | ५६१ | २०८१/०८/२६ | |
| ८ | गोपाल प्रसाद बगांले | तत्कालिन प्रमुख प्रशासकीय अधिकृत | धनगढीमाई नगरपालिका सिरहा | गैरकानूनी लाभहानी | ५२७ | २०८१/०८/२० | ४६०,८१०.०० |
| | पुरुषोतम कुमार प्रसाद | लेखा अधिकृत | धनगढीमाई नगरपालिका सिरहा | ऐ | ऐ | ऐ | ४६०,८१०.०० |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | सुरैत चौधरी | सिनयर अ.हे.व. | धनगढीमाई नगरपालिका, सिरहा | ऐ | ऐ | ऐ | ४६०,८१०.०० |
| | सम्यैत यादव | तत्कालिन सहायक स्तर चौथो | धनगढीमाई नगरपालिका, सिरहा | ऐ | ऐ | ऐ | ४६०,८१०.०० |
| | हेल्पिङ मल्टीपर्पोज प्रा.ली. | - | - | ऐ | ऐ | ऐ | ४६०,८१०.०० |
| | माधव प्रसाद गौतम | प्रवन्ध निर्देशक | हेल्पिङ मल्टीपर्पोज प्रा.ली. मैतिदेवी, काठमाण्डौ | ऐ | ऐ | ऐ | |
| ९ | डा. बलराम थापा क्षेत्री | तत्कालिन कार्यक्रम निर्देशक | पशुपंक्षी बजार प्रवर्धन निर्देशनालय, हरिहरभवन, ललितपुर | गैरकानूनी लाभहानी | ५२९ | २०८१/०८/२० | ४,४४२,८६१.०० |
| | राम प्रसाद बजगाई | तत्कालिन लेखा अधिकृत | पशुपंक्षी बजार प्रवर्धन निर्देशनालय, हरिहरभवन, ललितपुर | ऐ | ऐ | ऐ | ४,४४२,८६१.०० |
| | डा. पुजा शर्मा | पशु विकास अधिकृत | पशुपंक्षी बजार प्रवर्धन निर्देशनालय, हरिहरभवन, ललितपुर | ऐ | ऐ | ऐ | ४,४४२,८६१.०० |
| | विश्वेश्वर प्रसाद खनाल | पशु विकास अधिकृत | जिल्ला पशु सेवा कार्यालय, अछाम | ऐ | ऐ | ऐ | ४,४४२,८६१.०० |
| | लोक बहादुर बोहरा | अध्यक्ष | हिल साइड पोलिटेक्नीक इस्टीटयुट प्रा.लि., अछाम | ऐ | ऐ | ऐ | ४,४४२,८६१.०० |
| | पुष्कर भण्डारी | इन्जिनियर | | ऐ | ऐ | ऐ | |
| | सुरत बहादुर भुल | तत्कालिन कार्यालय व्यवस्थापक | हिल साइड पोलिटेक्नीक इस्टीटयुट प्रा.लि., अछाम | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | हिल साइड पोलिटेक्नीक इस्टीटयुट, प्रा.लि. अछाम | | | ऐ | ऐ | ऐ | |
| १० | मनसुन नेपाल | जुनियर अस्सिटेण्ट | वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर | नक्कली शैक्षिक प्रमाणपत्र | ६१८ | २०८१/०९/०७ | |
| ११ | अशोक कुमार यादव | नायव सुब्बा | जिल्ला प्रशासन कार्यालय, महोत्तरी | घुस रिसवत | ६०८ | २०८१/०९/०१ | २०,०००.०० |
| | दिनेश प्रसाद साह | नायव सुब्बा | जिल्ला प्रशासन कार्यालय, महोत्तरी | ऐ | ऐ | ऐ | |
| १२ | टंक बहादुर नेगी | प्रमुख प्रशासकीय अधिकृत | तीन पाटन गाउँपालिका, सिन्धुलि | गैरकानूनी लाभहानी | ६०६ | २०८१/०९/०७ | १,०८९,९८९.५८ |
| | सुदिप रेग्मी | इन्जिनियर | हेटौडा उप महानगरपालिका, मकवानपुर | ऐ | ऐ | ऐ | |
| | बाबुलाल नेगी | लेखा अधिकृत | खाडादेवी गाउँपालिका, रामेछाप | ऐ | ऐ | ऐ | |
| | लालमान तामाङ्ग | तत्कालिन असिस्टेन्ट सव-इन्जिनियर | रुविभ्याली गाउँपालिका,गोरखा | ऐ | ऐ | ऐ | |
| | प्रशान्त तामाङ्ग | वडा अध्यक्ष | रुविभ्याली गाउँपालिका -४, गोरखा | ऐ | ऐ | ऐ | |
| | अजयलाल तामाङ्ग | अध्यक्ष | पागोमा देखी स्कुल सम्म शाखा सडक निर्माण उपभोक्ता समिति, गोरखा | ऐ | ऐ | ऐ | १,०८९,९८९.५८ |
| | सन्दिप तामाङ्ग | सचिव | पागोमा देखी स्कुल सम्म शाखा सडक निर्माण उपभोक्ता समिति, गोरखा | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| | सञ्चामाया तामाङ्ग | कोषाध्यक्ष | पागोमा देखी स्कुल सम्म शाखा सडक निर्माण उपभोक्ता समिति, गोरखा | ऐ | ऐ | ऐ | |
| १३ | दीर्घ नारायण अर्याल | तत्कालिन अध्यक्ष | अर्जुन चौपारी गाउँपालिका, स्याङ्जा | गैरकानूनी लाभहानी | ६०७ | २०८१/०९/१६ | ३,५३९,३३१.६५ |
| | पुरण गुरुङ | तत्कालिन प्रमुख प्रशासकीय अधिकृत | अर्जुन चौपारी गाउँपालिका,स्याङ्जा | ऐ | ऐ | ऐ | २,७०५,०११.०७ |
| | कमल प्रसाद गौतम | तत्कालिन प्रमुख प्रशासकीय अधिकृत | अर्जुन चौपारी गाउँपालिका,स्याङ्जा | ऐ | ऐ | ऐ | ८३४,३२०.५८ |
| | नविन थापा | तत्कालिन इन्जिनियर | अर्जुन चौपारी गाउँपालिका,स्याङ्जा | ऐ | ऐ | ऐ | ३,५३९,३३१.६५ |
| | सुदिप आचार्य | तत्कालिन इन्जिनियर | अर्जुन चौपारी गाउँपालिका,स्याङ्जा | ऐ | ऐ | ऐ | ८३४,३२०.५८ |
| | सुर्य प्रसाद पौडेल | सव-इन्जिनियर | अर्जुन चौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | २,७०५,०११.०७ |
| | बालकृष्ण पौडेल | तत्कालिन अध्यक्ष | तत्कालिन गाउँपालिका व्यवस्थापन उपभोक्ता समिति, अर्जुनचौपारा गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | २,७०५,०११.०७ |
| | कृष्णप्रसाद काफ्ले | सचिव | तत्कालिन गाउँपालिका व्यवस्थापन उपभोक्ता समिति, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | हिम कुमारी के.सी. | कोषाध्यक्ष | तत्कालिन गाउँपालिका व्यवस्थापन उपभोक्ता समिति, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | |
| | मङ्गलदेवी थापा मगर | अध्यक्ष | तल्लो बजार नाली तथा ढलान सडक निर्माण उपभोक्ता समिति, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | ८३४,३२०.५८ |
| | विष्णु कुमारी वि.क. | सचिव | तल्लो बजार नाली तथा ढलान सडक निर्माण उपभोक्ता समिति, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | |
| | एक नारायण देवकोटा | कोषाध्यक्ष | तल्लो बजार नाली तथा ढलान सडक निर्माण उपभोक्ता समिति, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा | ऐ | ऐ | ऐ | |
| १४ | मोहन बहादुर बस्नेत | नगर प्रमुख | नागार्जुन नगरपालिका, काठमाण्डौ | घुस रिसवत | ६३१ | २०८१/०९/१४ | ९२,२४६,०३२.२३ |
| | उर्मिला बस्नेत | | | ऐ | ऐ | ऐ | |
| | राजु प्रसाद कडेल | | | ऐ | ऐ | ऐ | ९२,२४६,०३२.२३ |
| | पद्यमा कोर्लानी प्रा.ली. | | | ऐ | ऐ | ऐ | |
| | पद्यमा मर्चेन्ट कम्पनी प्रा.ली. | | | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | बिगो |
|---|---|---|---|---|---|---|---|
| १५ | ललित कुमार बुढाथोकी | प्रहरी नायब निरीक्षक | जिल्ला ट्राफीक कार्यालय, रोल्पा | घुस रिसवत | ६२८ | २०८१/०९/११ | २५,०००.०० |
| १६ | ध्रुव भन्ने धुर्व प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | किस्पाङ गाउँपालिका, नुवाकोट | घुस रिसवत | ६७० | २०८१/०९/२५ | १००,०००.०० |
| १७ | डा. नम्रता सिंह | तत्कालिन सचिव | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेष प्रदेश, धनुषा | मिलेमातोमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकम भ्रष्टाचार | ६२६ | २०८१/०९/२२ | |
| | शंकर प्रसाद साह | तत्कालिन कार्यालय प्रमुख | कृषि ज्ञान केन्द्र, मधेश प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| | अमर चन्द्र मण्डल | कृषि प्रसार अधिकृत | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेष प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| | ब्रजेश कुमार साह | सह-लेखापाल | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेष प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| | युवरानी मत्स्य तथा कृषि फार्म प्रा.ली. | | | ऐ | ऐ | ऐ | |

| सि.नं. | प्रतिवादीको नाम थर | पद | कार्यालय | मुद्दा | निर्णय नं. | दर्ता मिति | विगो |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्मी नारायण यादव | सञ्चालक | युवरानी मत्स्य तथा कृषि फार्म प्रा.ली. धनुषा | ऐ | ऐ | ऐ | |
| | रंजित कुमार अधिकारी | तत्कालिन पशु चिकित्सक | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेष प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| | अविनाश कुमार झा | कृषि प्रसार अधिकृत | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेष प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| | विकास कुमार साह | तत्कालिन कृषि अर्थविज्ञ | कृषि विकास निर्देशनालय, मधेष प्रदेश, धनुषा | ऐ | ऐ | ऐ | |
| १८ | विष्णु कुमार श्रेष्ठ | तत्कालिन इन्जिनियर | जलश्रोत तथा सिंचाई विभाग, ललितपुर | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | ३२७ | २०८१/०९/२८ | ४८,८३०,३२९.५४ |
| | लक्ष्मी कुमारी श्रेष्ठ | | | ऐ | ऐ | ऐ | |
| | हरि कुमार श्रेष्ठ | | | ऐ | ऐ | ऐ | |
| | इन्द्र कुमारी श्रेष्ठ | | | ऐ | ऐ | ऐ | |
| | विवेक श्रेष्ठ | | | ऐ | ऐ | ऐ | |

### ख) घुस/रिसवत कारबाही

आयोगबाट आर्थिक वर्ष २०८१।०८२ को दोश्रो त्रैमासिक अवधि (कार्तिक-पुस) मा कुल ७ वटा घुस/रिसवतसम्बन्धी कारवाही (Sting Operation) भएको र उक्त घुस/रिसवतको रकम ६,०८,००० रहेको छ। घुस/रिसवतसम्बन्धी कारवाहीबाट नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण देहायअनुसार छः-

| क्र.स. | पद/श्रेणी | जम्मा संख्या | अप्राविधिक | प्राविधिक | प्रहरी | सशस्त्र प्रहरी | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | रा. प. तृतीय श्रेणी वा सो सरह | ४ | ४ | - | - | - | - |
| २ | सहायक कर्मचारी | ४ | २ | १ | १ | - | - |
| ३ | कार्यालय सहयोगी | - | - | - | - | - | - |
| ४ | लेखापढी तथा बिचौलिया | - | - | - | - | - | - |
| ५ | वडा अध्यक्ष, उपभोक्ता स. अध्यक्ष, उपभोक्ता स. सदस्य र अन्य | १ | - | - | - | - | १ |
| | **कुल जम्मा** | **९** | **६** | **१** | **१** | **-** | **१** |
| **घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिएका व्यक्ति संख्या** | | **९** | | | | | |

## दोश्रो त्रैमासिक अवधिमा आयोगद्वारा घुस/रिसवतसम्बन्धी कारवाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण निम्नानुसार रहेको छः-

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०८१।०७।०८ | हेटौंडा | सिम्रौनगढ नगरपालिका, बारा | निमित्त प्रमुख प्रशासकीय अधिकृत | वीरेन्द्र प्रसाद साह | पुरुष | बिल भुक्तानी गरिदिए वापत | जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साहले बिल भुक्तानी गरेवापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडाबाट खटिई गएको टोलीले निज निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साहलाई सेवाग्राहीबाट रु.७८,०००।-(अठहत्तर हजार रुपैयाँ) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ४ को कार्यालय जाने बाटोबाट मिति २०८१।०७।०८ गते नियन्त्रणमा लिएको। | ७८०००- |
| २. | २०८१।०७।२७ | बुटवल | जिल्ला अदालत कपिलवस्तु | तहसीलदार र कम्प्युटर अपरेटर | तहसीलदार सन्तोष कुमार मिश्र र कम्प्युटर अपरेटर विकास पाण्डे | पुरुष | बेरितको वण्डा मुचुल्का दर गर्ने प्रयोजनार्थ | जिल्ला अदालत, कपिलबस्तुका तहसीलदार सन्तोष कुमार मिश्र र कम्प्युटर अपरेटर विकास पाण्डेले बेरितको बण्डा मुचुल्का बदर गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज तहसीलदार सन्तोष कुमार मिश्र र कम्प्युटर अपरेटर विकास पाण्डेलाई सेवाग्राहीबाट रु.२०,०००।-(बीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकम र श्रोत नखुलेको रु.९६,८००।— (छयानब्बे हजार आठ सय रुपैयाँ) सहित जिल्ला कपिलबस्तु, कपिलबस्तु नगरपालिका वडा नं. १ स्थित गौढी चोकबाट मिति २०८१।०७।२७ गते नियन्त्रणमा लिएको। | २०००० |

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | २०८१।०८।०७ | बर्दिवास | जिल्ला प्रशासन कार्यालय, महोत्तरी | नायव सुब्बा | अशोक कुमार यादव | पुरुष | सवारी ज्यान कसुर मुद्धामा पाउनु पर्ने कृया खर्च तथा क्षतिपुर्ति वापतको रकम उपलब्ध गराइदिने प्रयोजनार्थ | जिल्ला महोत्तरी, जिल्ला प्रशासन कार्यालयमा कार्यरत नायव सुब्बा अशोक कुमार यादवले सवारी ज्यान कसुर मुद्धामा मृतकको नजिकको हकदार (पिडित पक्ष) ले पाउनु पर्ने कृया खर्च तथा क्षतिपुर्ति वापतको रकम लिनको लागि जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा जाँदा सेवाग्राहीसंग घुस/रिसवत माग गरीरहेको भन्ने सूचना एंव उजुरी निबेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले निज नायव सुब्बा अशोक कुमार यादवलाई सेवाग्राहीबाट रु. २०,०००।—(वीस हजार रुपैयाँ) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा उक्त रकम सहित महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. २ स्थितमा रहेको जिल्ला प्रशासन कार्यालय, महोत्तरीको कार्यालय परिसरबाट मिति २०८१।०८।०७ गते नियन्त्रणमा लिएको। | २०००० |

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | २०८१।०८।१७ | नेपालगंज | जिल्ला ट्राफिक प्रहरी कार्यालय, रोल्पा। | प्रहरी नायब निरीक्षक | ललित कुमार बुढाथोकी | पुरुष | सवारी साधनहरुलाई आवत/जावत गर्न सहजिकरण गरिदिए वापत | जिल्ला रोल्पा, जिल्ला ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक ललित कुमार बुढाथोकीले सवारी साधनहरुलाई आवत/जावत गर्न सहजिकरण गरिदिए वापत घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज प्रहरी नायब निरीक्षक ललित कुमार बुढाथोकीलाई सेवाग्राहीबाट रु.२५,०००।– (पच्चीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित रोल्पा नगरपालिका वडा नं. ४ स्थित निजको निवासबाट मिति २०८१।०८।१७ गते नियन्त्रणमा लिएको। | २५००० |

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | २०८१।०८।२८ | कञ्चनपुर | किस्पाङ गाँउपालिका, नुवाकोट। | प्रमुख प्रशासकीय अधिकृत | ध्रुव प्रसाद सापकोटा | पुरुष | मुद्दा मिलाइदिने प्रयोजनार्थ | जिल्ला अछाम, मेल्लेख गाँउपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हाल जिल्ला नुवाकोट, किस्पाङ गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत धुर्व प्रसाद सापकोटाले मेल्लेख गाँउपालिकाको मेसिनरी सामान खरिद सम्बन्धी उजुरी दर्ता नं. ८०८१-C-०३०६७३ मिति २०८०/०८/१० गतेको उजुरी उपर आयोगको कार्यालय, कञ्चनपूरबाट विस्तृत अनुसन्धान भईरहेकोमा अनुसन्धानको सिलसिलामा स्थलगत मुचुल्का र आरोपीहरूको बयानसमेत सम्पन्न भई अनुसन्धान भईरहेको उजुरीसँग सम्बन्धित कागजात पेश गर्न आयोगको कार्यालय कञ्चनपूरका अनुसन्धान अधिकृतको कार्यकक्षमा आई अनुसन्धानमा रहेको विषयसँग सम्बन्धित कागजात बुझाउन आएको भनी अनुसन्धान अधिकृतलाई कागजात सहितको खाम दिंदा निजलाई अनुसन्धान अधिकृतले आफैले खोलेर दिनु भन्दा निजले बोकेको हरियो रंगको झोला भित्र रहेको पहेलो खाममा ३१ थान कागजात र पहेलो रंगको अर्को खाम भित्र रु.१,०००।- दरको नेपाली नोट थान ९६ (छ्यानब्बे) र रु.५००।- दरको नेपाली नोट थान-८ (आठ) गरी जम्मा रू. १,००,०००।- (एक लाख रूपैंया) रहेकोमा यो के को पैसा हो? भनी सोधपुछ गर्दा मुद्दा मिलाईदिन तपाईंको लागि नै स्वेच्छाले ल्याएको हो भनी भनेको अवस्थामा निजले घुस/रिसवत दिने मनसायसहित ल्याएको उक्त रकमसहित निज धुर्व प्रसाद सापकोटालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरको कार्यालयबाट मिति २०८१।०८।२८ गते नियन्त्रणमा | १०००००- |

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | २०८१।०९।१४ | टंगाल | राष्ट्रिय किताबखाना (शिक्षक), काठमाडौं | शाखा अधिकृत | धनेश्वर प्रसाई | पुरुष | पेन्सनपट्टा बनाईदिने प्रयोजनार्थ | राष्ट्रिय किताबखाना (शिक्षक), छाउनी मार्ग तहाचल, काठमाडौंमा कार्यरत शाखा अधिकृत धनेश्वर प्रसाईले पेन्सनपट्टा बनाईदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिई गएको टोलीले निज धनेश्वर प्रसाईलाई सेवाग्राहीबाट रू.३,००,००० (तीन लाख रुपैया) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित निजको कार्यकक्षबाट मिति २०८१।०९।१४ गते नियन्त्रणमा लिएको। | ३००००० |

| सि.न. | मिति | पक्राउ गर्ने कार्यालय | कार्यरत कार्यालय | पद | पक्राउ परेको व्यक्तिको नाम,थर, वतन | लिङ्ग | प्रयोजन | घटनाको संक्षिप्त विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | २०८१।०९।२४ | बुटवल | राजनारायण माध्यमिक बिद्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | सहायक लेखापाल र बिद्यालय व्यवस्थापन समितिका सदस्य | सुरेस गुप्ता र सुरेन्द्र प्रसाद कहार | पुरुष | भवन निर्माण सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्ने प्रयोजनार्थ | जिल्ला नवलपरासी (ब.सु. पश्चिम), पाल्हिनन्दन गाउँपालिका, वडा नं. ५ स्थित राजनारायण माध्यमिक बिद्यालय सहायक (लेखापाल) सुरेस गुप्ता र बिद्यालय व्यवस्थापन समितिका सदस्य सुरेन्द्र प्रसाद कहारले भवन निर्माण सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्नका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निजहरु सुरेस गुप्ता र सुरेन्द्र प्रसाद कहारलाई सेवाग्राहीबाट रू.६५,०००।- (पैसठ्ठी हजार रुपैयाँ) घुस/रिसवत लिइरहेको अवस्थामा उक्त रकमसहित निज लेखापालको कार्यकक्षबाट मिति २०८१।०९।२४ गते नियन्त्रणमा लिएको। | ६५००० |
| | | | | | | ९ | | **जम्मा** | ६,०८,०००।- |

### ग. मुद्दा दायर, फैसला र आयोगबाट पुनरावेदनः

यस त्रैमासिक अवधिमा आयोगबाट विशेष अदालतमा १८ वटा मुद्दा दायर भएको छ। मुद्दा दायर, फैसला र आयोगबाट पुनरावेदनको विस्तृत विवरण देहायबमोजिम रहेको छः-

**आ.व. २०८१.08२ को दोश्रो त्रैमासिकसम्मको विवरण**

| विवरण | श्र | भ | अ | क | मं | पु | म | फ | चै | बै | जे | अ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विशेष अदालतमा मुद्दा दर्ता | ९ | १६ | ३ | २ | ७ | ९ | | | | | | | ४६ |
| लिखित जवाफ दर्ता | ६ | ४ | ५ | ४ | २ | ० | | | | | | | २१ |
| पुनरावेदन दर्ता | २४ | ४५ | २४ | १ | २६ | २१ | | | | | | | १४१ |
| पुनरावलोकन दर्ता | २ | ० | ० | १ | ० | ० | | | | | | | ३ |
| फैसला प्राप्त | ४१ | ६३ | ० | ३९ | ३९ | ३३ | | | | | | | २१५ |

### २.२ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरणः-

आयोगद्वारा उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागि अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिन वा त्यसलाई रोक्न आयोगले निरन्तर रुपमा निरोधात्मक कार्यहरूलाई अगाडि बढाउदै आएको छ। स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि ३३ वटा जिल्ला (ताप्लेजुङ्ग, पाचँथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, रामेछाप, दोलखा, रसुवा, गोरखा, लमजुङ्ग, मुस्ताङ, मनाङ, गुल्मी, अर्घाखाची, प्युठान, रूकुमपूर्व, रोल्पा, सल्यान, जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, डोल्पा, मुगु, रुकुम(पश्चिम), बाजुरा, दार्चुला, बैतडी, डोटी, बझाङ र अछाम) का प्रमुख जिल्ला अधिकारीहरूलाई नेपालको संविधान धारा २३९ को उपधारा ५ बमोजिम र मिति २०७५/०८/२४ को राजपत्रमा प्रकाशित सूचना अनुसार अधिकार प्रत्यायोजन गरिएको छ। जस अनुसार अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले प्रारम्भिक छानबिन गर्ने गराउने र आयोगमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

## २.३ भ्रष्टाचार नियन्त्रणसम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकाससम्बन्धी कार्य

### क) अभिमुखीकरण तालिमः-

आयोग र आयोग मातहत कार्यालयहरुमा सरुवा भई आएका अधिकृतहरूलाई अनुसन्धानसम्बन्धी आवश्यक जानकारी प्रदान गर्न मिति २०८१ मंशीर १६-२१ गतेसम्म आयोगको सभाहलमा अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गरियो। उक्त कार्यक्रममा ३० जना अधिकृतहरुको सहभागिता रहेको थियो।

## ३.आयोगबाट भएका प्रवर्द्धनात्मक कार्यक्रमहरुको विवरणः-

## ३.१ अन्तरक्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न आयोग र आयोग मातहतका ८ वटा कार्यालयहरू मार्फत आ-आफ्नो क्षेत्रमा प्रदेशस्तरीय, जिल्लास्तरीय र पालिकास्तरीयका अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ। यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ।अन्तरक्रिया कार्यक्रमबाट स्थानीय तहले प्रवाह गर्ने सेवासुविधाहरू सेवाग्राहीले सहज ढंगमा पाउन मद्दत पुग्ने र विकास निर्माणका काममा स्थानीय जनताको सहभागिता बढ्ने अपेक्षा गरिएको छ।साथै, स्थानीय तहमा भएको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको काम कारबाहीमा सहयोग गर्न अपिल गर्नेसमेत कार्यक्रमको उद्देश्य रहेको छ।

| तालिका ३.१ | | | | |
| --- | --- | --- | --- | --- |
| आर्थिक वर्ष २०८१।८२ को दोश्रो त्रैमासिकमा सञ्चालित प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण | | | | |
| क.सं. | कार्यालय | कार्यक्रम सञ्चालन भएको प्रदेश र जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
| १. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास।** | महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, मधेश प्रदेश **धनुषा**, जनकपुरधाम। | १ | ३४३ |
| २. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।** | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्रको सभाहल, कर्णाली प्रदेश, वीरेन्द्रनगर, **सुर्खेत**। | १ | १८० |
| **जम्मा** | | **२** | **२** | **५२३** |

| तालिका ३.२ | | | | |
| --- | --- | --- | --- | --- |
| आर्थिक वर्ष २०८१।८२ को दोश्रो त्रैमासिकमा सञ्चालित जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण | | | | |
| क.सं. | कार्यालय | कार्यक्रम सञ्चालन भएको प्रदेश र जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
| १. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल** | अ.दु.अ.आयोगको कार्यालय, बुटवल, प्रदेश नं १, **गुल्मी** | १ | १४५ |
| **जम्मा** | | **१ जिल्ला** | **१** | **१४५** |

| तालिका ३.३ | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष २०८१।८२ को दोश्रो त्रैमासिकमा सञ्चालित पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमको विवरण | | | | |
| क्र.सं. | कार्यालय | कार्यक्रम सञ्चालन भएको पालिका र जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
| १. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास।** | बरहथवा न.पा, चन्द्रनगर गा.पा.,.,ब्रम्हापुरी गा.पा., बसबरिया गा.पा., **सर्लाही**, मिर्चैया न.पा, कर्जन्हा न.पा, **सिरहा**, पिपरा गा.पा, **महोत्तरी**। | ७ | ५९० |
| २. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा।** | फेटा गा.पा., विश्रामपुर गा.पा., देवताल गा.पा., महागढीमाई न.पा,. **बारा**, कैलाश गा.पा.,**मकवानपुर**, बेनिघाट गा.पा, खनियाबास गा.पा, सिद्धलेक गा.पा.,**धादिङ**। | ८ | ७०९ |
| ३. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा।** | नासोक गा.पा., चामे गा.पा., **मनाङ**, मर्स्याङ्दी गा.पा., क्व्होलासोथार गा.पा., दुधपोखरी गा.पा., **लमजुङ**, बरेङ गा.पा., **बागलुङ**, चुमनुब्री गा.पा., अजिरकोट गा.पा.,**गोरखा**, जलजला गा.पा., **पर्वत**, ऋषिङ गा.पा., **तनहुँ** | १० | ८०१ |
| ४. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल।** | प्रतापपुर गा.पा, **नवलपरासी** र यशोधरा गा.पा. **कपिलवस्तु** | २ | १८९ |
| ५. | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर।** | साइपाल गा.पा., सुर्मा गा.पा., तलकोट गा.पा., **बझाङ** | ३ | १८९ |
| ६ | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत।** | भेरीगंगा न.पा, लेकवेंशी न.पा, बराहताल गा.पा, **सुर्खेत**, छत्रेश्वरी गा.पा, **सल्यान**, भगवतीमाइ गा.पा., **दैलेख**। | ५ | ४४७ |
| **जम्मा** | | **१६ जिल्ला** | **३५** | **२९२५** |

| तालिका ३.४<br>यस त्रैमासिक अवधिमा आयोगका पदाधिकारी सहभागी भएको अन्तर्किया अनुगमन कार्यक्रमको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम भएको पालिकां/जिल्ला/प्रदेश | कार्यक्रम भएको मिति | आयोगबाट सहभागी हुनुभएका पदाधिकारी | सहभागी संख्या |
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बर्दिबास, महोत्तरी। | २०८१/०८/२६ देखि २०८१।०९।०२ सम्म | माननीय आयुक्त जय बहादुर चन्द<br>सहसचिव श्री श्रवण कुमार तिमिल्सिना | फाइल फर्छ्यौटको लागि |
| २ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत। | २०८१/०८/२९ | माननीय आयुक्त किशोर कुमार सिलवाल | १८० |
| जम्मा | | | १८० | |

## ३.२ सञ्चार माध्यममार्फत प्रवर्द्धनात्मक कार्य:

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा जानकारीमूलक सामग्रीहरु प्रकाशन/प्रसारणसमेत गर्दै आएको छ। आयोगको वेबपेज, इमेल, फेसबुक, टोल फ्रि टेलिफोन एवं हटलाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ।भ्रष्टाचारविरुद्ध आयोगबाट भएका कारवाही एवं अन्य जानकारीमूलक सूचनाहरु आयोगको प्रेस विज्ञप्ति, इ-बुलेटिन, वार्षिक प्रतिवेदन, र अन्य सञ्चार माध्यम मार्फत नियमित रूपमा सम्प्रेषण गरिदै आइएको छ।

## ४. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको प्रयोग:

- ❖ आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने उद्धेश्यले सूचना प्रविधिहरूको प्रयोग गर्दै आइरहेको छ।यसै सन्दर्भमा पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशालाका साथै फरेन्सिक ल्याब आयोगमा सञ्चालनमा रहेको छ।
- ❖ अनुसन्धानको सिलसिलामा झुटा बोले नबोलेको पत्ता लगाउन पोलिग्राफ परीक्षण गर्ने गरिएको छ। यस त्रैमासिक अवधिमा १७ थान Mobile, ८ थान पेन ड्राइभ र २० थान CD/DVD गरी जम्मा ४५ फरेन्सिक परीक्षण गरिएको छ।
- ❖ आयोजना निर्माणको गुणस्तर मापनको लागि आयोगको साथै मातहतका सबै कार्यालयहरूमा Engineering Laboratory सञ्चालन गरिएको छ।आयोगबाट गर्न सकिने नमूना परीक्षण आयोगकै Engineering Laboratory मा गर्ने गरिएको र आयोगमा गर्न नसकिने परीक्षण अन्य सरकारी तथा गैर

सरकारी निकायमा पठाउने गरिएको छ। यस त्रैमासिक अवधिमा ७ वटा आयोजनाहरूको स्थलगत अनुगमन/अध्ययन गरी गरी ल्याइएको विभिन्न निर्माण सामग्रीहरूको ७ वटा नमूना परीक्षण (Sample Test) गरिएको छ।

## ५. सुशासन, सेवा प्रवाह र विकास निर्माण सम्बन्धी अन्तर्क्रियाः-

सुशासन, सेवा प्रवाह र विकास निर्माण सम्बन्धी समस्याका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव, प्रदेश सरकारका प्रमुख सचिव तथा विभागीय प्रमुखहरू बीच दुई दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१ साल कात्तिक २८ र २९ गते आयोगको सभा हलमा सम्पन्न भयो। उक्त कार्यक्रममा नेपाल सरकारका सचिव तथा प्रदेश सरकारका प्रमुख सचिवहरूले आ-आफ्नो निकाय र कार्यक्षेत्रमा आइपरेका समस्या तथा आयोगबाट पठाइएका सुझाव कार्यान्वयनको अवस्था तथा आयोगसंगको अपेक्षा प्रस्तुत गर्दै आयोगका माननीय आयुक्तहरूले राखेको जिज्ञासाको समेत जवाफ दिनुभएको थियो।

अर्थ सचिव रामप्रसाद घिमिरेले आयोजना व्यवस्थापन प्रभावकारी हुन नसकेको, साना टुक्रे आयोजनामा बजेट विनियोजन हुने गरेको, बिना तयारी र प्रतिफल सुनिश्चित नभएका आयोजनामा बजेट बिनियोजन हुने गरेको, बहुवर्षीय आयोजनाको अत्याधिक श्रोत सुनिश्चितता गरेको कारणले राज्यकोषमा दबाव सिर्जना भएको कुरा औंल्याउँदै बजेट निर्माण गर्दा यथार्थतामा आधारित हुन आवश्यक रहेको बताउनुभयो।

उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालले सुशासन कायम गर्ने कार्य सबै निकायका प्रमुखहरुको रहेको उल्लेख गर्नुहुँदै कानूनले दिएको अधिकार प्रयोग गरेर निर्णय गर्ने कुरामा निडर भएर सबैले काम गरेमा मात्र विकास प्रशासनले गति लिने भएकोले सबैले कार्य जिम्मेवारी पुरा गर्न लाग्नु पर्ने कुरा बताउनुभयो।

आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले विकास निर्माण, सेवा प्रवाह र सुशासन तीनै तहका सरकारको जिम्मेवारी रहेकोले पदीय जिम्मेवारीमा रहने सबैले कानुनको परिपालना, खर्चको मितव्ययीता, आर्थिक अनुशासन र सरकारी सम्पत्तिको सदुपयोग/संरक्षण गर्नैपर्ने कुरा औंल्याउनुभयो। मन्तव्यका क्रममा उहाँले तहगत सरकारको कार्यविभाजन थप स्पष्ट पार्नुपर्ने, सरकारका सबै निकायको जिम्मवार पदाधिकारीहरुले आफ्नो कार्यजिम्मेवारी पुरा गर्नुपर्ने र जिम्मेवारी पन्छाउने र निर्णय/कार्यसम्पादन नगर्ने पदाधिकारीलाई कारवाहीको व्यवस्था समेत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

माननीय प्रमुख आयुक्तले रुग्ण आयोजना, बहुवर्षीय श्रोत सुनिश्चित गरेका आयोजना तथा लागत अनुमान भन्दा अत्यन्त कम बजेट विनियोजन भई कार्यान्वयनमा जान नसकेका आयोजनाको अध्ययन गरेर उचित व्यवस्थापन गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षणमा राष्ट्रिय मापदण्ड तयार गरी कार्यबोझका आधारमा कर्मचारी दरबन्दी पुनरावलोकन गर्नुपर्ने बताउनुभयो। साथै, उहाँले असल नियतले कानुनले दिएको अधिकार प्रयोग गरेर जिम्मेवारीपूर्वक काम गर्दा आयोगसंग डराउनुपर्ने अवस्था नभएको र विकासको काममा आइपरेका समस्या समाधान गर्न समन्वयको लागि

तत्पर रहेकोले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले समेत आ-आफ्नो जिम्मेवारी मनन गरेर काम गर्नुपर्ने बताउनु भयो। आयोगले बेलाबेलामा सुझावहरू दिएर प्रचलित कानुनी व्यवस्थाकै पुनःस्मरण मात्र गराएकोले सुझावको कार्यान्वयनबाट विकास निर्माणमा बाधा पुग्ने नभई थप प्रभावकारीता आउने भएकोले उक्त सुझावहरू कार्यान्वयन गर्न माननीय प्रमुख आयुक्तले आग्रह समेत गर्नुभयो।

अन्तरक्रिया तथा छलफलको सहजीकरण आयोगका सचिव घनश्याम उपाध्यायले गर्नु भएको थियो।

## ६. नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखहरुबीच अन्तरक्रिया कार्यक्रमः-

आयोगमा नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखहरूबीच एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१ साल मङ्सिर २ गते आयोगको सभा हलमा सम्पन्न भयो । कार्यक्रममा अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाबाट सार्वजनिक संस्थानको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरुबारे संक्षिप्त प्रस्तुति भएको थियो भने आयोगबाट नियामक निकाय र सार्वजनिक संस्थानहरुको समस्या र सुझाव कार्यान्वयनको अवस्थाबारे प्रस्तुति भएको थियो।

उक्त कार्यक्रममा उल्लेखित निकायका कार्यकारी प्रमुखहरुले आ-आफ्नो निकाय र कार्यक्षेत्रमा आइपरेका समस्या, आयोगबाट पठाइएका सुझाव कार्यान्वयनको अवस्था तथा आयोगसँगको अपेक्षा प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा मन्तव्य दिँदै नेपाल राष्ट्र बैंकका गभर्नर श्री महा प्रसाद अधिकारीले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रर्वद्धनमा आयोगले गर्दै आएको कार्यको प्रसंशा गर्दै आगामी दिनमा समेत आयोगले अझ प्रभावकारी रुपले कार्य गर्दै जाने अपेक्षा रहेको बताउनु भयो। वहाँले भ्रष्टाचार नियन्त्रण गर्ने दायित्व सबैको भएकोले सबैले समन्वयात्मक ढङ्गले काम गर्नु पर्नेमा जोड दिनु भयो।

कार्यक्रममा आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले प्रचलित कानुनको अधिनमा रही सार्वजनिक संस्थानले कार्य सम्पादन गर्नुपर्ने, नियामक निकायले सार्वजनिक र निजी क्षेत्रको प्रभावकारी नियमन गर्नुपर्ने, सार्वजनिक खरिद तथा निर्माण गर्दा कार्य औचित्य, आवश्यकता र वित्तीय तथा प्राविधिक सामर्थ्य समेतलाई विचार गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने र सार्वजनिक सेवा प्रवाहमा टाइम कार्ड लागु गर्न उपयुक्त हुने विचार राख्नु भयो। साथै, आयोगमा उजुरी परेर जानकारी माग भएको कारण देखाई काम रोक्ने प्रवत्ति देखिएकोले उक्त प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउँदै उहाँले असल नियतसाथ कानुनले दिएको अधिकार प्रयोग गरेर जिम्मेवारीपूर्वक काम गर्दा आयोगसँग डराउनुपर्ने अवस्था नभएको र विकासको काममा आइपरेका समस्या समाधान गर्न समन्वयको लागि आयोग तत्पर रहेकोले नियामक निकाय र सार्वजनिक संस्थानहरुले समेत आ-आफ्नो जिम्मेवारी मनन गरेर काम गर्नुपर्ने बताउनु भयो।

## ७. "सुशासन सवाल" टेलिभिजन कार्यक्रमः

आयोग र नेपाल टेलिभिजनको सहकार्यमा "सुशासन सवाल" टेलिभिजन कार्यक्रम मासिक रुपमा हरेक महिनाको तेस्रो मंगलबार साँझ ७:२५ बजे र सोको भोलिपल्ट बिहान पुनःप्रशारण हुँदै आएको छ। उक्त कार्यक्रम आयोगको युट्युब च्यानलमा समेत राखिएको छ। उक्त कार्यक्रम आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिमा ६ भाग प्रसारण भएको छ।